हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड
Himalayan Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था
A subsidiary company of Himalayan Bank Limited

Central Office
Chabahil, Kathmandu, Nepal
Phone: 977-1-4598333, 4598334
E-mail: info@himalayanlaghubitta.com
Website: www.himalayanlaghubitta.com

चलानी नं. ३३२.../२०८१/८२

मिति : २०८१/०९/०५

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,**
युएनआई शान्तीमार्ग, भद्रकाली, काठमाडौं ।

**विषय : १३औं वार्षिक साधारण सभाको विवरण (माइन्यूट) पेश गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस वित्तीय संस्थाको मिति २०८१/०८/२७ गते, बिहीबार बिहान १०:०० बजे बोगनभिल्ला इभेन्ट्स, त्रिपुरेश्वर, काठमाडौंमा सम्पन्न तेह्रौं (१३औं) वार्षिक साधारण सभाको काम कारवाहीको विवरण/निर्णय पुस्तिका (माइन्यूट) यसै पत्रसाथ **संलग्न** गरी पेश गरिएको व्यहोरा अनुरोध छ ।

***संलग्न*** *: १३औं वार्षिक साधारण सभाको विवरण (माइन्यूट) पाना संख्या - १०*

धन्यवाद ।

भवदीय,

देवकर कार्की
**कम्पनी सचिव**

# हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड
## चावहिल, काठमाडौं ।
### तेह्रौं वार्षिक साधारण सभाको काम कारवाहीको (निर्णय/माइन्यूट) विवरण

**१. प्रारम्भिक :**

हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८१/०८/०५ गते बसेको सञ्चालक समितिको २३६औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीमा तोकिए बमोजिमको कम्पनीको तेह्रौं वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री बिजय मान नकर्मीज्यूको अध्यक्षतामा पूर्वसूचित विषयहरु उपर छलफल भई देहाय बमोजिमका निर्णय गरी सु-सम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थान :**

मिति : २०८१ मंसिर २७ गते बिहीबार ।
समय : बिहान १०:०० बजे ।
स्थान : बोगनभिल्ला इभेन्ट्स, त्रिपुरेश्वर, काठमाडौं ।

**३. सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा-६७ (२) बमोजिम लघुवित्त वित्तीय संस्थाको तेह्रौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु सहितको विवरण खुलाई पहिलो पटक मिति २०८१/०८/०६ गते र दोस्रो पटक मिति २०८१/०८/१२ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको थियो । साथै, सेयरधनी महानुभावहरुको जानकारीको लागि संस्थाको आधिकारिक वेबसाइटमा समेत राखिएको थियो ।

**४. सभामा उपस्थिति :**

कम्पनीको तेह्रौं वार्षिक साधारण सभामा सेयरधनी महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीहरु, लेखापरीक्षक तथा व्यवस्थापकीय कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

**(क) सञ्चालकहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १. श्री बिजय मान नकर्मी | अध्यक्ष | प्रतिनिधि - हिमालयन बैंक लि. |
| २. श्री सुवासन हर्ष वज्राचार्य | सञ्चालक | प्रतिनिधि - हिमालयन बैंक लि. |
| ३. श्री सरोज श्रेष्ठ | सञ्चालक | प्रतिनिधि - हिमालयन बैंक लि. |
| ४. श्री कृष्णप्रसाद अधिकारी | सञ्चालक | सर्वसाधारण समूह |
| ५. श्री सुनिता आचार्य | सञ्चालक | सर्वसाधारण समूह |
| ६. श्री रुद्र प्रसाद दाहाल | सञ्चालक | स्वतन्त्र |

**(ख) वित्तीय संस्थाका पदाधिकारीहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री विनोद आचार्य | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री देवकर कार्की | कम्पनी सचिव/प्रमुख - कर्जा विभाग |
| ३. श्री सुमन कुमार दाहाल | प्रमुख - व्यवसाय र कार्यक्रम सञ्चालन विभाग |
| ४. श्री सुवासमणी बस्ताकोटी | प्रमुख - योजना र मानव संसाधन विभाग |
| ५. श्री पुष्कर घिमिरे | प्रमुख - अनुगमन तथा निरीक्षण विभाग |
| ६. श्री भवानी धिताल | प्रमुख - सामान्य सेवा विभाग |
| ७. श्री बरुण श्रेष्ठ | प्रमुख - सूचना प्रविधि विभाग |

८. श्री पुरुषोत्तम श्रेष्ठ — प्रमुख - आन्तरिक लेखापरीक्षण र अनुपालन विभाग
९. श्री मनोज दानी — प्रमुख - असुली विभाग
१०. श्री अंकित उपाध्याय — प्रमुख - वित्त र व्यवस्थापन सूचना प्रणाली विभाग

**(ग) सेयरधनीहरुको उपस्थिति :**

१. स्वयम् उपस्थिति - ६३
२. प्रतिनिधि मार्फत उपस्थिति - ०
३. जम्मा उपस्थिति - ६३

**(घ) पर्यवेक्षकको रुपमा उपस्थिति :**

१. श्री सुवासन हर्ष वज्राचार्य : प्रतिनिधि, हिमालयन बैंक लिमिटेड ।
२. श्री नर बहादुर रोकाया : बाह्य लेखापरीक्षक, एन.बि.रोकाया एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स ।
३. श्री निर्देश श्रेष्ठ : आन्तरिक लेखापरीक्षक, पि. जे. पि. एन. एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स ।
४. श्री परमेश्वर पन्त : प्रमुख कार्यकारी अधिकृत, हिमालयन क्यापिटल लिमिटेड, कमलादी काठमाडौं ।
५. श्री विनोद कुमार श्रेष्ठ : अधिवक्ता, निर्वाचन अधिकृत ।

५. **सभाको गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा-७३ बमोजिम) :

| सेयर तथा सेयरधनी | कूल संख्या | उपस्थिति | | | कूल प्रतिनिधित्व प्रतिशतमा |
|---|---|---|---|---|---|
| | | स्वयम् | प्रतिनिधि मार्फत | कूल | |
| सेयर संख्या | ३१,९८,१८१ | १६,३७,९९० | नभएको | १६,३७,९९० | ५१.२२ |
| सेयरधनी संख्या | २३,०७८ | ६३ | नभएको | ६३ | ०.२७ |

६. **सभामा प्रस्तुत छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात, मिति २०८०/०४/०१ गते देखि २०८१ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा-१११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-६३ अनुसार आर्थिक वर्ष २०८१/८२ को कारोबारको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री एन. बि. रोकाया एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स् पूनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)

४. संस्थाको नियमावली अनुसार समूह "क" का संस्थापक सेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्नुभएका सञ्चालकको मनोनयन/नियुक्तिलाई अनुमोदन गर्ने ।

५. सर्वसाधारण सेयरधनीहरुका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. वित्तीय संस्थाको नियमावलीको नियम ३१(ख), ३२.१(ग), (घ) र ३६(३) मा आवश्यक संशोधन गर्ने साथै नियमावलीको नियमहरुमा नियमनकारी निकायहरुबाट आवश्यक थपघट, परिमार्जन एवम् संशोधन गर्नका लागि निर्देशन वा सुझाव आएमा सोही अनुरुप गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

२. यस वित्तीय संस्थाले अन्य लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) गर्न, संस्थाको चल अचल सम्पत्ती र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्न तथा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया अगाडि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

७. **आसन ग्रहण तथा ब्याच वितरण :**

सर्वप्रथम वित्तीय संस्थाका कम्पनी सचिव श्री देवकर कार्कीले यस वित्तीय संस्थाको तेह्रौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण सेयरधनी महानुभाव तथा अतिथिज्यूहरुलाई अभिवादन गर्नु हुँदै सभाहल भित्र प्रवेश गर्न अनुरोध गर्नुभयो । त्यसपछि सञ्चालक तथा अतिथिज्यूहरुलाई आसन ग्रहण गराउनु भयो । आसन ग्रहण पश्चात् सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिवलाई ब्याच वितरण गर्ने कार्य सम्पन्न भयो ।

८. **राष्ट्रिय गान :**

औपचारिक कार्यक्रम शुरु हुनुभन्दा अगाडि राष्ट्रिय गानको धुन बजाउने कार्यक्रम अनुसार उपस्थित सम्पूर्ण महानुभावहरुले आ–आफ्नो स्थानमा उभिएर राष्ट्रिय गानमा साथ दिनु भएको थियो ।

९. **सभाको कारवाही र बैधानिकता :**

सभाको कामकारवाही अगाडि बढाउने सिलसिलामा कम्पनी सचिव श्री देवकर कार्कीले साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल सेयर संख्या पचास प्रतिशत भन्दा बढी आवश्यक हुने भन्ने प्रावधान बमोजिम गणपुरक संख्या पुगिसकेको ब्यहोरा गरिमामय सभामा उपस्थित सम्पूर्ण सेयरधनी महानुभावहरुलाई जानकारी गराउनु हुदै सभा सञ्चालन गर्न अनुमतिका लागि संस्थाका अध्यक्ष श्री बिजय मान नकर्मीज्यूलाई अनुरोध गर्नु भयो ।

१०. **सभा अध्यक्षज्यूको आसन ग्रहण :**

साधारण सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र वित्तीय संस्थाको नियमावली बमोजिम सञ्चालक समितिको अध्यक्षले नै साधारण सभाको अध्यक्षता गर्ने प्रावधान अनुरुप यस वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री बिजय मान नकर्मीज्यूले सभा अध्यक्षताको आसन ग्रहण गर्नु भयो ।

**११. सभाको उद्घाटन :**
सभाको समुद्घाटन गर्ने शुभकार्यका लागि सञ्चालक समितिका अध्यक्ष तथा सभा अध्यक्षज्यूले पानसमा दीप प्रज्वलन गरी सभाको समुद्घाटन गर्नु भएको थियो । उक्त अवसरमा श्री कृष्णप्रसाद अधिकारीले स्वस्तिकवाचन गर्नु भएको थियो ।

**१२. स्वागत मन्तव्य :**
वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री विनोद आचार्यज्यूले हाल लघुवित्त क्षेत्रले सामना गर्नु परेका चुनौती बारे औंल्याउदै वित्तीय संस्थाको वर्तमान अवस्था बारेमा प्रकाश पार्नु भएको थियो । सेयरधनी महानुभावहरु, नियमनकारी निकाय र सञ्चालक समितिको साथसहयोगमा संस्थाको उद्देश्य तथा लक्ष्य प्राप्ति गर्न र आईपर्ने चुनौतीको सामना गर्न व्यवस्थापन सदैव प्रयत्नशिल रहने प्रतिवद्धता जाहेर गर्नु भएको थियो । साथै, उपस्थित सेयरधनी महानुभावहरु तथा आमन्त्रित अतिथिहरुलाई वित्तीय संस्थाको तर्फबाट स्वागत मन्तव्य राख्नु भयो ।

**१३. सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुति :**

सभाको प्रारम्भमा पूर्व निर्धारित छलफलका विषयसूचीहरु अनुसार सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री बिजय मान नकर्मीज्यूले आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । अध्यक्षज्यूले समितिको प्रतिवेदन प्रस्तुत गरिसकेपछि यस सम्बन्धमा आ-आफ्ना विचार, जिज्ञासा, सुझाव तथा प्रतिक्रिया भएमा जानकारी गराउन हुन सेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

**१४. छलफलमा सेयरधनीहरुबाट व्यक्त गर्नु भएको जिज्ञासा, राय तथा सुझावहरुको मुलभूत आशयहरु निम्न बमोजिम रहेका छन् :**

**सर्वसाधारण सेयरधनीको तर्फबाट**

अध्यक्षज्यूले समितिको प्रतिवेदन प्रस्तुत गरिसके पश्चात् सर्वसाधारण सेयरधनीहरुको तर्फबाट आ-आफ्ना विचार, जिज्ञासा, सुझाव तथा प्रतिक्रिया दिनको लागि उपस्थित सेयरधनीहरु मध्ये निम्न सेयरधनीज्यूहरुले आफ्ना कुराहरु राख्नु भयो ।

१. **श्री अमिर दास रंजित :** समयमा नै साधारण सभा बस्न सकेकोमा धन्यवाद दिनु भयो । संस्थाले लाभांश वितरण प्रस्ताव ल्याउन नसके तापनि वित्तीय संस्थाको चालु आर्थिक वर्षको प्रकाशित प्रथम त्रैमासिक वित्तीय विवरण आशा लाग्दो रहेको बताउनु भयो । पछिल्लो परिस्थितिले संस्थाको वित्तीय अवस्था खस्केको भएता पनि आगामी वर्ष लाभांश वितरण गरी सेयरधनीलाई खुशी बनाउनु होस् भनी शुभकामना दिनु भयो । Nepal Financial Reporting Standards (NFRS) अनुसारको Reporting System ले गर्दा असुली हुन बाँकी ब्याजमा पनी कर तिर्नुपर्ने व्यवस्थाले संस्थाको वितरणयोग्य नाफा ऋणात्मक देखिन गएको हुँदा नेपाल राष्ट्र बैंकले Reporting System माथि विचार गर्नुपर्ने राय राख्नु भयो । अध्यक्षज्यूको संक्षिप्त प्रतिवेदन समेत वार्षिक प्रतिवेदनमा छपाई गरेको भए राम्रो हुने विचार व्यक्त गर्नुभयो । संस्थाले गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) गर्ने प्रस्ताव ल्याएको छ के साच्चै गाभ्ने/गाभिने वा प्राप्तिमा जाने हो त भनी प्रश्न गर्नुभयो ।

२. **श्री इन्द्र कृष्ण श्रेष्ठ :**
यस वर्ष लाभांश वितरण गर्न नसके पनि आगामी वर्षमा तुलनात्मकरुपमा अन्य संस्थाहरु भन्दा कम नहुने गरी लाभांश वितरण गर्न, वार्षिक प्रतिवेदन नेपाली भाषामा छपाई गर्न, कर्मचारीहरुलाई कार्यसम्पादनमा थप उत्प्रेरित गरी कार्य गर्न सुझाव दिनुहुदै संस्थालाई प्रगतिपथमा लैजानु पर्‍यो भनी आफ्नो राय राख्नु भएको थियो ।

**३. श्री इन्द्रप्रसाद लामिछाने :**

वित्तीय क्षेत्रमा देखिएको नकारात्मक गतिविधिहरुमा केही सुधार आएकोले आगामी वर्ष दोहोरो अंकमा प्रतिफल दिन सक्ने गरी कार्ययोजना बनाएर काम गर्न सुझाव दिनु भयो । एक ऋणीलाई धेरै संस्थाले लगानी नगर्ने र कर्जा लगानीमा ध्यान दिने, कर्जा सदुपयोगिता हेर्ने, कर्जा असुलीमा समस्या नहुने स्वीकारयोग्य धितो राख्ने विषयमा ध्यान दिन सुझाव दिनु भयो । संस्थाभित्रका क्षमतावान कर्मचारीलाई नेतृत्वको जिम्मेवारी दिन समेत सुझाव दिनु भयो । नव नियुक्त सञ्चालकहरुलाई आगामी कार्यकाल सफल रहोस भनी शुभकामना व्यक्त गर्नु भयो ।

**४. श्री गोविन्द बहादुर के.सी. :**

साधारण सभा तोकिएको समयमै शुरु गरेकोमा धन्यवाद दिनु भयो । लघुवित्त संस्था बिरुद्ध लागेका केही व्यक्ति/समूहको अराजक गतिविधिले संस्थाको कारोवारलाई असर गरेको छ । यस्ता अराजक गतिविधिलाई सरकारले समयमै रोकथाम गर्न सकेको भए संस्थाहरुको वित्तीय अवस्था राम्रो हुने बताउनु भयो । हाल आएर कम ब्याजदरमा लगानी गर्न पूँजी पाइएको भएता पनि उद्यमीहरुको व्यापार व्यवसाय वृद्धि गर्न मनोवल बढेको छैन । कारोवार वृद्धिका लागि लगानी, असुली र भाखा नाघेको कर्जा घटाउन बढी ध्यान दिन पर्‍यो । सञ्चालक समिति, व्यवस्थापन र कर्मचारी बीच सुमधुर सम्बन्ध कायम राख्न सुझाव दिनु भयो ।

**५. श्री नरसिंहलाल चखुँ :**

सर्वप्रथम संस्थाले समयमै वार्षिक साधारण सभा सञ्चालन गरेकोका धन्यवाद दिनु भयो । संस्थाको आर्थिक वर्ष २०८०/८१ को Annual Report एवं Financial figure लाई सन्तोषजनक रहेको मान्न सकिन्छ । नियमनकारी निकायको नियम एवं नीतिगत रुपमा भएको व्यवस्थालाई अवलम्बन गरी सुधारको पक्षहरु तर्फ संस्थाको व्यवस्थापन समूह सक्रियताका साथ अगाडि बढिरहेको राय व्यक्त गर्नुभयो । साथै, संस्थामा रहेको स्रोतलाई उच्चतम परिचालन गरि कर्जा नोक्सानी रकम घटाउन, भाखा नाघेको कर्जा असुली गर्ने कार्यलाई सक्रियताका साथ लाग्न सुझाव दिनु भयो । आम्दानीको क्षेत्र विस्तार गरी आम्दानीलाई बढाई ROA र ROI लाई सकारात्मक बनाउने कार्यमा व्यवस्थापन पक्षको ध्यान जानुपर्ने धारणा व्यक्त गर्नुभयो ।

**६. श्री जगन्नाथ आचार्य :**

सर्वप्रथम संस्थाले चाँडो वार्षिक साधारण सभा सञ्चालन गरेकोमा धन्यवाद दिनु भयो । यस वर्ष लाभांश वितरणको प्रस्ताव ल्याउन सकेको भए सेयरधनीहरुलाई खुशि लाग्थ्यो । संस्था प्राप्ति/मर्जरमा जाँदा निष्क्रिय कर्जा कम भएको, प्रति सेयर आम्दानी राम्रो भएको, कुनै किसिमको झैझमेलामा नफसेको, अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत र कर्मचारी समायोजनमा ध्यान दिन सुझाव दिनु भयो । वर्तमान अवस्थामा बाहिरी वातावरणबाट संस्थालाई बचाउदै भाखा नाघेको कर्जा असुलीमा जोड, राम्रा कर्मचारीलाई पुरस्कार र दोषीलाई दण्ड दिनुपर्ने, नेपाल राष्ट्र बैंकले औल्याएका कैफियतहरु पालना गर्नुपर्ने सुझाव राख्नु भयो । विगतमा जस्तै भविष्यमा पनि प्राकृतिक तथा दैविक प्रकोप, व्यक्तिगत स्वार्थ बोकेका अराजक समूहले कर्जा मिनाहाको लागि चर्काएका आन्दोलन फेरी दोहोरिन सक्ने भएको हुँदा सचेत रही आगामी दिनमा उत्तरोत्तर प्रगति गर्न सकोस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

७. श्री लक्ष्मण बहादुर श्रेष्ठ :

संस्थाले आर्थिक सुशासनलाई कायम गर्दै समयमानै वार्षिक साधारण सभा सञ्चालन गरेकोमा धन्यवाद व्यक्त गर्दै आगामी साधारण सभा पनि समयमा नै हुनेमा विश्वस्त रहेको धारणा व्यक्त गर्नु भयो । हालको दिनसम्म कम्पनीलाई यस अवस्थासम्म लिएर आउने कर्मचारीप्रति आभार प्रकट गर्दै साधारण सभामा पेश भएका सबै प्रस्तावहरुमा पूर्ण समर्थन जनाउँदै वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

**१५. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको जवाफ :**

छलफलको क्रममा सेयरधनी महानुभावले प्रस्तुत गर्नु भएको मुख्यरुपमा निष्क्रिय कर्जा वृद्धि र लाभांश वितरण उपर ध्यानाकर्षण भएसँगै उहाँहरुको जिज्ञासा, राय तथा अमूल्य सुझाव प्रति सञ्चालक समितिका अध्यक्ष तथा सभाका अध्यक्षज्यूले सराहना गर्दै आभार प्रकट गर्नुभयो । साथै, यस वित्तीय संस्थालाई निरन्तर रुपमा अघि बढाउन साधारण सभामा सेयरधनी महानुभावबाट प्रस्तुत गर्नु भएको महत्वपूर्ण सुझाव र जिज्ञासाले संस्थालाई नयाँ गति प्राप्त हुने यथार्थलाई उल्लेख गर्दै सञ्चालक समिति सेयरधनीहरुको विश्वासलाई सार्थक बनाउन कटिबद्ध हुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सभाका अध्यक्षज्यूले सभामा उठेका अन्य विषयहरु माथि थप प्रष्ट्याउनका लागि संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री विनोद आचार्यज्यूलाई अनुमति दिनुभए बमोजिम प्रमुख कार्यकारी अधिकृतज्यूले साधारण सभामा उठाईएका जिज्ञासाहरुको सन्दर्भमा निम्नानुसार प्रत्यूत्तर प्रस्तुत गर्नु भयो ।

आर्थिक गतिविधिमा शिथिलता देखिएका कारण ग्राहकले कर्जाको किस्ता तिर्न सक्ने क्षमता घट्नु, विभिन्न समूहरुबाट बैंक तथा वित्तीय क्षेत्र लक्षित विशेषगरी लघुवित्त क्षेत्रमा कानून विपरितका विभिन्न किसिमका अवरोध तथा गतिविधिहरु भएका कारण ऋणीले कर्जा नतिर्नु तथा नतिर्न उक्साउनु, जसले गर्दा खराब कर्जामा वृद्धि भई कर्जा नोक्सानी व्यवस्था खर्चमा वृद्धि भएको, गत वर्ष वित्तीय बजारमा तरलता उपलब्धतामा असहजता भएका कारण संस्थाले प्राप्त गर्ने कर्जाको ब्याजदरमा व्यापक वृद्धि भएको त्यसैगरी संस्थाले ग्राहक सदस्यहरुको बचत खातामा दिने ब्याजदरमा समेत वृद्धि भएको तथा संस्थाले लिने कर्जाको ब्याजदर स्थिर भएको कारण संस्थाको नाफा प्रभावित हुन गएको छ । यसरी प्रतिकूल वातावरणमा पनि संस्थाले प्रदान गर्ने सेवालाई निरन्तरता दिदै आएको ब्यहोरा सभालाई जानकारी गराउनु भयो ।

लघुवित्त क्षेत्रमा विद्यमान देखिएका असहज अवस्थाहरुको विश्लेषण, संस्थाको हाल भएको पूँजी तथा व्यवसायको आधारमा भविष्यमा गर्न सकिने कारोबार, पूँजी कोष, नाफाको अवस्था, आगामी समयको आँकलन तथा नियामक निकाय नेपाल राष्ट्र बैंक समेतले लघुवित्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने सम्बन्धमा प्रोत्साहन नीति लिएकोले समग्र विषयबस्तुहरु मूल्याङ्कन गर्दै सेयरधनी महानुभावज्यूहरुको हित हुनेगरी समग्र परिस्थिति, आवश्यकता र लघुवित्त बजारको अवस्थाअनुसार अन्य लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्ने/गाभिने वा प्राप्ति गर्नको लागि आवश्यक पर्नसक्ने भएकोले सभामा विशेष प्रस्ताव ल्याइएको जानकारी गराउनु भयो ।

यसैगरी लघुवित्त क्षेत्रमा देखिएका अवरोध तथा चुनौतीहरुलाई सामना गर्दै संस्थाको लक्ष्य प्राप्त गर्ने दिशामा सदैव लागि परिरहने प्रतिवद्धता सहित आउने दिन पक्कै राम्रो हुनेछ भन्ने आशा र विश्वास गर्दै सेयरधनी महानुभावज्यूहरुले संस्था प्रति गर्नुभएको अपेक्षा प्रति संस्था सदैव सजग रहेको ब्यहोरा सभालाई जानकारी गराउनु भयो । साथै, गरिमामय सभामा आदरणीय सेयरधनी महानुभावज्यूहरुले राख्नु भएको राय सल्लाह, सुझाव, जिज्ञासा, अपेक्षा तथा मार्गनिर्देशनको लागि धन्यवाद व्यक्त गर्नुभयो ।

१६. **सभाका निर्णयहरु :**

आजको सभामा सेयरधनी महानुभावज्यूहरुले दिनु भएका अमूल्य राय तथा सुझावलाई वित्तीय संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमशः पारित गरी दिन अनुरोध गर्नु भयो र सोही बमोजिम अध्यक्षज्यूबाट प्रस्तुत देहायमा उल्लेखित प्रस्तावहरु उपस्थित सेयरधनी महानुभावहरुबाट ताली बजाई सर्वसम्मतले पारित/स्वीकृत भयो ।

(क) **सामान्य प्रस्तावहरु :**

**प्रस्ताव नं. १.**

**सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

**निर्णय नं. १.**

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल भई सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. २.**

**लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात, मिति २०८०/०४/०१ गते देखि २०८१ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।**

**निर्णय नं. २.**

लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात, मिति २०८०/०४/०१ गते देखि २०८१ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन लगायतका वित्तीय विवरण तथा अनुसूचीहरु उपर छलफल भई सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ३.**

**कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आर्थिक वर्ष २०८१/८२ को कारोबारको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री एन. बि. रोकाया एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टस् पूनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)**

**निर्णय नं. ३.**

आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षणको लागि बाह्य लेखापरीक्षक नियुक्ति सम्बन्धमा लेखापरीक्षण समितिमा प्राप्त प्रस्तावहरु क्रमशः एन. बि. रोकाया एण्ड एसोसियट्स, बि. एस. सी. एण्ड एसोसियट्स र आर. पोखेल एण्ड एसोसियट्स मध्ये मिति २०८१/०७/१२ गते बसेको लेखापरीक्षण समितिको ६२औं बैठकले श्री एन. बि. रोकाया एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टस्लाई बाह्य लेखापरीक्षकमा नियुक्तिको लागि सिफारिस गरेकोमा उक्त कम्पनीबाट प्राप्त लेखापरीक्षण शुल्क अन्य प्रस्तावकहरुको तुलनामा कम रहेको, विभिन्न बैक तथा लघुवित्त वित्तीय संस्थाहरुको बाह्य लेखापरीक्षण गरेको अनुभव र गत वर्षको कार्य सन्तोषजनक रहेको हुँदा श्री एन. बि. रोकाया एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टस्लाई आर्थिक वर्ष २०८१/८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजलाई बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म परीक्षण प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ को प्रतिवेदन र संस्थागत सुशासन सम्बन्धी वार्षिक प्रतिवेदन प्रमाणिकरणको पारिश्रमिक स्वरुप कर बाहेक रु. ३,००,०००/-(अक्षरेपि तीन लाख मात्र) प्रदान गर्ने प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ४.**

**संस्थाको नियमावली अनुसार समूह "क" का संस्थापक सेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्नुभएका सञ्चालकको मनोनयन/नियुक्तिलाई अनुमोदन गर्ने ।**

**निर्णय नं. ४.**

समूह "क" का संस्थापक सेयरधनी श्री हिमालयन बैंक लिमिटेडको तर्फबाट सञ्चालकमा मनोनित भई प्रतिनिधित्व गर्नुहुने सञ्चालक श्री बिजय मान नकर्मी, श्री सुवासन हर्ष वज्राचार्य र श्री सरोज श्रेष्ठलाई आगामी ४ वर्षको लागि सञ्चालक पदमा सञ्चालक समितिले नियुक्ति गरेकोमा उक्त मनोनयन/नियुक्तिलाई अनुमोदन गर्ने प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ५.**

**सर्वसाधारण सेयरधनीहरुका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने दुई (२) जना सञ्चालकको निर्वाचन गर्ने ।**

**निर्णय नं. ५.**

यस वित्तीय संस्थामा सर्वसाधारण सेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने दुई (२) जना सञ्चालकको पद रिक्त रहेको हुँदा उक्त सञ्चालक पदको पदपूर्तिका लागि निर्वाचन गर्न वित्तीय संस्थाले नियुक्त गरेको निर्वाचन अधिकृत अधिवक्ता श्री विनोद कुमार श्रेष्ठले संस्थाको सञ्चालक निर्वाचन निर्देशिका, २०८० मा भएको व्यवस्थाबमोजिम सञ्चालक निर्वाचन कार्यक्रमको सूचनामा उल्लेख गरिएअनुसार निर्वाचनको सम्पूर्ण प्रक्रिया पुरा गरिएकोमा उक्त तोकिएको मिति र समय भित्र सर्वसाधारण सेयरधनीहरुको समूहबाट श्री कृष्णप्रसाद अधिकारी र श्री शिवप्रसाद चौलागाईंको उम्मेद्वारी मनोनयन-पत्र दर्ता गर्नु भएकोमा मनोनयन दर्ता फाराम रित पूर्वकै रहेको र दर्ता फाराम उपर कुनै किसिमको उजुर वाजुर समेत दर्ता हुन नआएकोले निर्वाचन कार्यक्रम तालिकाको सूचनाअनुसार काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ बस्ने श्री कृष्णप्रसाद अधिकारी र सिन्धुली जिल्ला, सुनकोशी गाउँपालिका वडा नं. ४ बस्ने श्री शिवप्रसाद चौलागाईं सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको जानकारी निर्वाचन अधिकृतबाट प्राप्त भयो । सभाबाट सोहीअनुसार निर्विरोध निर्वाचित काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ बस्ने श्री कृष्णप्रसाद अधिकारी र सिन्धुली जिल्ला, सुनकोशी गाउँपालिका वडा नं. ४ बस्ने श्री शिवप्रसाद चौलागाईंलाई सर्वसाधारण सेयरधनीहरुको तर्फबाट वित्तीय संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा आगामी ४ वर्षको कार्यकालका लागि नियुक्त गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

साथै, नवनियुक्त सञ्चालकहरुलाई अध्यक्षज्यूबाट स्वागत गर्दै आगामी कार्यकाल सफल रहोस् भनी शुभकामना व्यक्त गर्नु भयो ।

**(ख) विशेष प्रस्तावहरु :**

**प्रस्ताव नं. १.**

**वित्तीय संस्थाको नियमावलीको नियम ३१(ख), ३२.१(ग), (घ) र ३६(३) मा आवश्यक संशोधन गर्ने साथै नियमावलीको नियमहरुमा नियमनकारी निकायहरुबाट आवश्यक थपघट, परिमार्जन एवम् संशोधन गर्नका लागि निर्देशन वा सुझाव आएमा सोही अनुरुप गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

**निर्णय नं. १.**

वित्तीय संस्थाको नियमावलीको नियम ३१(ख), ३२.१(ग), (घ) र ३६(३) मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल भई निम्नबमोजिमको व्यवस्था कायम गर्न सर्वसम्मतिले पारित गरियो । साथै, नियमावलीको नियमहरुमा नियमनकारी निकायहरुबाट आवश्यक थपघट, परिमार्जन

एवम् संशोधन गर्नका लागि निर्देशन वा सुझाव आएमा सोही अनुरुप गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

| नियम | हालको व्यवस्था | अब हुने नयाँ व्यवस्था |
|---|---|---|
| नियम-३१ | **सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने** : समितिमा सञ्चालकहरुको नियुक्ति गर्दा समूहगत रुपमा प्रतिनिधित्व हुने गरी देहाय बमोजिम गरिनेछ :-<br>(ख) समूह "ख" का सर्वसाधारण सेयरधनीबाट **निर्वाचित २ जना ।** | **सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने** : समितिमा सञ्चालकहरुको नियुक्ति गर्दा समूहगत रुपमा प्रतिनिधित्व हुने गरी देहाय बमोजिम गरिनेछ :-<br>(ख) समूह "ख" का सर्वसाधारण सेयरधनीबाट **निर्वाचित ३ जना ।** |
| नियम-३२ (१) | **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था** : सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोकेअनुसार देहाय बमोजिम हुनेछ :-<br>(ग) लघुवित्त वित्तीय संस्थाको कामको सिलसिलामा संस्थाको अध्यक्ष/सञ्चालकहरु भ्रमणमा जाँदा वास्तविक विलको आधारमा **आवास खर्च र अन्य सम्बन्धित खर्चहरु** सञ्चालक समितिको निर्णयानुसार हुनेछ । साथै, सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :–<br>(घ) नभएको ..........। | **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था** : सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोकेअनुसार देहाय बमोजिम हुनेछ :-<br>(ग) लघुवित्त वित्तीय संस्थाको कामको सिलसिलामा संस्थाको अध्यक्ष लगायत सञ्चालकहरु **भ्रमणमा जाँदा होटल खर्च वास्तविक बिलको आधारमा हुनेछ** । साथै, सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :–<br>**(घ) हवाईयात्रा गर्दा Economy Class बाट गर्नुपर्नेछ । अन्य यातायातको साधन प्रयोग गरेमा टिकट/भरपाई बमोजिम हुनेछ ।** |
| नियम-३६ | **प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था :**<br>(३) कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ । | **प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था :**<br>(३) कार्यकारी प्रमुखको कार्यकाल बढीमा चार वर्षको हुनेछ र निज **अर्को एक कार्यकालका लागि** पुनः नियुक्ति हुन सक्नेछ । |

**प्रस्ताव नं. २.**

**यस वित्तीय संस्थाले अन्य लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) गर्न, संस्थाको चल अचल सम्पत्ती र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्न तथा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया अगाडि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।**

निर्णय नं. २.

यस वित्तीय संस्थाले अन्य लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) गर्न, संस्थाको चल अचल सम्पत्ती र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्न तथा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया अगाडि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**(ख) विविध :** विविध शीर्षक अन्तर्गत कुनै प्रस्ताव प्राप्त नभएको व्यहोरा जानकारी भयो ।

**१८. धन्यवाद ज्ञापन तथा सभा बिसर्जन :**

वित्तीय संस्थालाई प्रगतिको पथमा लैजान सहयोग गर्नुहुने सहकर्मी सञ्चालकहरु, सम्पूर्ण सेयरधनी महानुभावहरु, विभिन्न संघ/संस्था लगायत नियमनकारी निकायबाट पाल्नु हुने महानुभावहरु, साधारणसभा सम्पन्न गर्न सहयोग गर्नुहुने सभाहलका सञ्चालक तथा कर्मचारीहरु, सेयर रजिष्ट्रार हिमालयन क्यापिटल मार्केट लिमिटेड तथा सम्बद्ध सबै पक्षलाई सभाका अध्यक्षज्यूले हार्दिक आभार व्यक्त गर्नु हुँदै साधारणसभा सफल बनाई दिनु भएकोमा हार्दिक धन्यवाद दिनुभयो ।

तत्पश्चात् यस सभाका अध्यक्षज्यूले दिनको १:२० बजे सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

देवकर कार्की
**कम्पनी सचिव**

बिजय मान नकर्मी
**सभा अध्यक्ष**

मितिः २०८१ मंसिर २७ गते बिहीबार ।